# सूचनाको हक अन्तर्गत सार्वजनिक गरिएको विवरण

२०७५ कार्तिक देखि २०७५ पुषसम्मको त्रैमासिक अद्यावधिक सूचना

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

बबरमहल, काठमाण्डौ, नेपाल

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः**

## शहरी विकास तथा भवन निर्माण विभाग

नेपाल सरकार

**शहरी विकास तथा भवन निर्माण विभाग**

**२०७५ कार्तिक देखि २०७५ पुषसम्मको त्रैमासिक अद्यावधिक सूचना**

# शहरी विकास तथा भवन निर्माण विभाग

## पृष्ठभूमि

नेपाल सरकारको स्वामित्वमा रहेका सरकारी कार्यालय भवनहरूको नक्सा एवं लागत इष्टिमेट तयार गर्नुका साथै तिनको निर्माणको सुपरिवेक्षण समेत गर्ने गरी तत्कालीन निर्माण तथा यातायात मन्त्रालय अर्न्तगत भवन विभागको स्थापना भएको थियो । आर्थिक वर्ष २०२७/२८ देखि नेपाल अधिराज्यका अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्दै योजनाबद्ध रूपमा शहरी विकास गर्ने तर्फ नेपाल सरकारको ध्यान आकृष्ट भै त्यस क्षेत्रमा राज्यको स्रोत र साधन समेत परिचालित गरियो । दिनानुदिन बढ्दो शहरीकरणलाई व्यवस्थित गर्ने सिलसिलामा वि।सं। २०२८ सालमा प्रथम पटक काठमाडौंको भौतिक विकास योजना तयार पारी उक्त योजना अनुरूप साविकको भवन विभागको नाम परिवर्तन गरी आवास, भवन तथा भौतिक परियोजना विभाग नामकरण गरी साविकमा गरिआएको कामका अतिरिक्त आवास तथा शहरी विकास सम्बन्धी कामहरू समेत तोकिएको थियो ।

क्षेत्रीय विकास केन्द्रको अवधारणा अनुरूप क्षेत्रीय केन्द्रको रूपमा रहेको धनकुटा, काठमाण्डौ, पोखरा र सुर्खेतको विकासको लागि भौतिक योजना कार्यान्वयन ऐन २०२९ को व्यवस्था समेत गरियो । यसको अतिरिक्त विराटनगर, सिर्द्धार्थनगर, नेपालगञ्ज र महेन्द्रनगर जस्ता नगरपालिकाहरू र शहरका रूपमा विकास तथा विस्तार हुन सक्ने अन्य सदरमुकामहरू र कोहलपुर जस्ता स्थानहरूमा व्यवस्थित रूपमा शहरी विकास गर्न आवश्यक भौतिक विकास योजना तयार पारी कार्यान्वयन गर्न नेपाल सरकारको स्रोत र साधन प्रयोग गरिने व्यवस्था गरियो । यी सम्पूर्ण कार्य गर्ने जिम्मेवारी पनि आवास, भवन तथा भौतिक परियोजना विभागलाई दिइएको थियो ।

नेपाल सरकारले वि।सं। २०४४ मा सुरक्षित आवास तथा व्यवस्थित शहरीकरण कार्यक्रमको महत्त्वलाई मनन गरी यो कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था गरी मार्गदर्शन समेत दिनका लागि आवास तथा भौतिक योजना मन्त्रालय नामको एउटा छुटै मन्त्रालयको गठन गऱ्यो । आवास तथा शहरी विकासको बढ्दो महत्त्वतालाई दृष्टिगत गरी नेपाल सरकारको २०४५ साल श्रावण २६ गतेको निर्णयले आवास, भवन तथा भौतिक परियोजना विभागबाट आवास तथा शहरी विकास सम्बन्धी कार्य झिकी सो कार्य गर्न छुट्टै केन्द्रीय स्तरमा आवास तथा शहरी विकास विभाग र क्षेत्रीय स्तरका ५ वटा क्षेत्रीय निर्देशनालयको गठन समेत गरियो ।

क्षेत्रीय निर्देशानालयहरू र जिल्लास्थित कार्यालयहरू भवन विभाग र आवास तथा शहरी विभागको संयुक्त नियन्त्रण रहेको कारण कार्य सञ्चालन तथा सम्पादनमा समस्या परेको महशुस भै २०५० सालमा संस्थागत संरचनाको पुनः संरचना गरी नेपाल सरकारले तत्काल कायम हुन आएको ४ क्षेत्रीय निर्देशनालय र दीपायल स्थित १ क्षेत्रीय निर्देशनालय इकाइ कार्यालय आवास तथा शहरी विकास विभाग अर्न्तगत र जिल्लास्थित कार्यालयहरू भवन विभाग अर्न्तगत रहने व्यवस्था गरी जिल्ला

शहरी विकास योजना कार्यान्वयन गर्ने र नगर विकास समितिको सदस्य सचिवको रूपमा काम गर्ने जिल्लास्थित जिल्ला भवन कार्यालयका प्रमुखलाई तोक्न सकिने व्यवस्था समेत गऱ्यो ।

जिल्ला जिल्लामा सरकारी भवन निर्माण सम्बन्धी कार्य नगण्य रूपमा हुने र भएका निर्माणसम्बन्धी काम पनि ती सरकारी निकायहरूले आ-आफ्नो छुट्टै इञ्जिनियरिङ्ग इकाइ खडा गरी वा कन्सल्टेण्ट नियुक्त गरी गराउने परिपाटी सुरु गरेको कारण जिल्ला कार्यालयहरूको संलग्नतमा भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणमा भन्दा बढ्दो शहरीकरणबाट उत्पन्न समस्यालाई निराकरण गरी व्यवस्थित शहरीकरणको माध्यमबाट त्यस क्षेत्रमा विकासका पूर्वाधार विकास गरी रोजगारीका नयाँ अवसर सृजना गर्ने, पर्यावरणीय सन्तुलन कायम गरी उचित तथा व्यवस्थित बसोबासको व्यवस्था गर्ने, उचित प्रविधिको अनुसन्धान तथा विकास गर्ने, निर्माणसम्बन्धी नीति, नियम र मापदण्डको विकास गर्ने जस्ता कार्यमा संलग्न गराउन सकेमा जिल्लास्थित कार्यालयहरूको उपादेयता बढ्ने र व्यवस्थित शहरी विकास र आवास योजना कार्यान्वयनमा सहयोग पुग्न जाने भएकाले नेपाल सरकार(म।प।)को मिति २०५४ असार ५ गतेको निर्णयानुसार २०५४ साल श्रावण १ गतेदेखि लागु हुने गरी भवन विभाग अर्न्तर्गतको काठमाण्डौ र ललितपुर बाहेकका ७३ जिल्ला भवन कार्यालय यस विभाग अर्न्तर्गत आई ६९ वटा आवास तथा शहरी विकास कार्यालयमा परिणत भएका थिए ।

यसै क्रममा व्यवस्थित आवास तथा शहरी विकास एवं उपयुक्त भवन निर्माणसम्बन्धी कार्यको दोहोरोपन हर्टाई एउटै निकाय मार्फत् अगाडि बढाउने उद्देश्यले समान उद्देश्य र कार्यक्षेत्र एवं जनशक्ति भएका साविकका भवन विभाग र आवास तथा शहरी विकास विभागलाई नेपाल सरकार(मन्त्री परिषद्)को मिति २०५७/३/२६ को निर्णयानुसार एकीकृत गरी यस शहरी विकास तथा भवन निर्माण विभागको स्थापना भएको हो । यस विभाग मातहतमा ५ क्षेत्रीय निर्देशनालयहरू, विशेष भवन निर्माण सम्भार डिभिजन र ६८ जिल्ला शहरी विकास तथा भवन निर्माण कार्यालयहरू रहेकोमा नेपाल सरकारको खर्चलाई वाञ्छित सीमाभित्र ल्याई सार्वजनिक खर्च कटौती गर्ने एवं विद्यमान सङ्गठनलाई प्रभावकारी बनाउने उद्देश्यले नेपाल सरकार (म।प।)को मिति २०५८/८/२१ को निर्णयानुसार विभागको पुनःसंरचना गरी साविकका जिल्ला कार्यालयहरूको बदला १ भन्दा बढी जिल्ला कार्य क्षेत्र रहने गरी २५ वटा डिभिजन कार्यालय र १ भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्रको स्थापना भै तदनुरूप कार्य सञ्चालन हुँदै आएकोमा हाल विभागलाई थपिएको वृहत जिम्मेवारीका कारण भैरहेकै जनशक्तिबाट ती थप कार्य पनि सम्पादन गर्नु पर्ने अवस्थालाई दृष्टिगत गरी नेपाल सरकारलाई आर्थिक भार नपर्ने गरी मौजुदा सङ्गठन संरचनामा कार्य बोझ कम भएका स्थानबाट दरबन्दी विभागमा सारी विभागको दरबन्दीलाई हेरफेर गरी नेपाल सरकारको मिति २०६२/१२/१५ को निर्णयानुसार सङ्गठनको पुनःसंरचना गरी कार्य सञ्चालन भैआएको छ ।

**कार्यहरु**

शहरी बिकास तथा भवन निर्माण बिभाग नेपालराज्य भरी ब्यबस्थित बसोवासको व्यबस्थालाई प्रबद्र्धन गर्ने तथा आम जनताको आधारभूत आवश्यकताको रुपमा रहेको भवन निर्माणको उपयुक्त मापदण्ड तय गरि सुरक्षित, किफायती भवन निर्माणको बिधामा निरन्तर क्रियाशिल संगठन हो । उपरोक्त कार्यहरुलाई व्यबस्थित तुल्याउन यस बिभागले नेपाल सरकारले निर्दिष्ट गरे अनुसार देहायका कार्यहरु सम्पादन गर्दै आएको छ ।

- सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुनः निर्माणको लागि डिजाइन, लागतअनुमान र अन्य परामर्श सेवा उपलव्ध गराउने,

- सरकारी भवनहरुको डिजाइन तथा निर्माण कार्यहरुको गुणस्तर अभिवृद्धि गर्न सरकारी भवनहरुको डिजाइन तथा निर्माणमा संलग्न रहने परामर्शदातृहरुको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरी लागू गर्ने,
- भवन निर्माण सम्वन्धी निर्देशिका तथा नम्र्स तयार गर्ने,
- भवन निर्माणको लागि क्ष्तभ एबिल तयार गर्ने,
- भवनहरुको स्यानिटरी योजना, Air Conditioning System, Thermal Insulation, Acoustic Design Lift, Escalator System हरुको विस्तृत डिजाइन र लगतअनुमान तयार गर्नेको लागि समन्वय गर्ने,
- सवै सरकारी भवनहरुको अद्यावधिक लगत संकलन गरी सोको आधारमा सरकारी भवन मर्मत सम्वन्धी दीर्घकालिन नीति तयार गरी सो अनुरुप कार्य गर्ने,
- भवन निर्माण सम्वन्धी अन्य मुलुकहरुको अनुभवलाई समेत दृष्टिगत गरी उपयुक्त प्रविधि छनौट गरी सरकारी तथा गैर सरकारी क्षेत्रमा प्रयोग गर्न प्रचार प्रसार गर्ने,
- दर विश्लेषण तथा निर्माण निर्देशिका तयारी सम्वन्धी कार्य गर्ने,
- शहरी वस्तीहरुको व्यवस्थित विकासको मार्गमा आइपर्ने समस्याहरु समाधान गर्न र वढ्दो वातावरणीय समस्याको निराकरण गर्न आवश्यक कार्यनीति र विस्तृत योजना तर्जुमा गरी स्थानिय निकायहरुसंग समन्वय र साझेदारी कायम गर्दै क्रमशः लागू गर्दै जाने,
- नगर विकास ऐन, नगर विकास योजना सम्वन्धी मापदण्ड अनुसारको योजना क्रमशः लागू गर्दै जाने,
- भवन निर्माण संहिता अद्यावधिक गरी क्रमशः लागू गर्ने,
- स्थानिय निकायहरुलाई आफ्नो योजना तथा कार्यक्रम संचालन गर्न सक्ने तुल्याउन ती निकायहरुको प्राविधिक क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने,
- स्थानिय निकायहरुको वीच ती निकायहरुलाई प्रभाव पार्ने विकास योजनाको तर्जुमा र कार्यान्वयनमा समन्वय र साझेदारी कायम गर्ने,
- शहरी विकास तथा भवन निर्माण सम्वन्धी अल्पकालिन तथा दीर्घकालिन योजनाहरु तर्जुमा गर्ने तथा क्रमशः लागू गर्दै जाने,
- शहरी वातावरण संरक्षण सम्वन्धी कार्यहरु गर्ने ।
- संयुक्त आवास नीति अन्तर्गत निर्माण हुने संयुक्त आवास भवन सम्बन्धी Structural Design को संस्लेषण गर्ने ।
- समय समयमा नेपाल सरकारबाट तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

**संस्थागत उद्देश्य**

यस शहरी विकास तथा भवन निर्माण विभागको मुख्य रूपमा निम्न तीन उद्देश्य रहेका छन् । **शहरी विकास :** विद्यमान सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण तथा संवर्धन हुने गरी आधुनिक, भौतिक सुविधाहरूको व्यवस्था गरी दिगो रूपले शहरहरूको विकास तथा गाउँ र नगरबीचको अन्तः सम्बन्धलाई सुदृढ गर्ने ।

विद्यमान सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण तथा संवर्धन हुने गरी आधुनिक, भौतिक सुविधाहरूको व्यवस्था गरी दिगो रूपले शहरहरूको विकास तथा गाउँ र नगरबीचको अन्तःसम्बन्धलाई सुदृढ गर्ने ।

**आवास :** व्यवस्थित बसोबासको प्रवर्धन गर्दै सुरक्षित तथा किफायती खालका आवासहरू उपलब्ध गराउने ।
**भवन :** सुरक्षित, किफायती र वातावरण अनुकूल सकभर स्वदेशी वास्तुकला झल्कने खालका भवनहरू निर्माण तथा विकास गराउने ।

**प्रमुख कार्यहरु**

यस विभागबाट मुख्यरूपमा निम्न कार्यहरू गरिन्छ ।

- सरकारी निकायहरूको भवननिर्माण, सुधार र पुनः निर्माणको लागि डिजाइन, लागत इष्टिमेट र अन्य परामर्श सेवा उपलब्ध गराउने,
- सरकारी भवनहरूको डिजाइन तथा निर्माणमा संलग्न रहने परामर्शदातृहरूको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरी लागू गर्ने,
- भवन निर्माणसम्बन्धी निर्देशिका तथा नक्सा तयार गर्ने,
- भवन निर्माणका लागि साइट प्लान तयार गर्ने,
- भवनहरूको स्यानिटरी योजना, वातानुकूलित प्रणाली (Air Conditioning System), थर्मल इन्सुलेशन (Thermal Insulation), अकोष्टिक डिजाइन (Acoustic Design), लिफ्ट (Lift) तथा इस्कलेटर सिष्टम (Escalator System) हरूको विस्तृत डिजाइन र लागत इष्टिमेट तयार पार्नका लागि समन्वय गर्ने,
- सबै सरकारी भवनहरूको लगत अद्यावधिक गरी सोको आधारमा सरकारी भवन मर्मतसम्बन्धी दीर्घकालीन नीति तयार गरी कार्य गर्ने,
- भवन निर्माणसम्बन्धी अन्य मुलुकहरूमा अपनाइएको उपयुक्त प्रविधि छनौट गरी उक्त प्रविधि सरकारी तथा निजी क्षेत्रमा प्रयोग गर्न प्रचार प्रसार गर्ने,
- दररेट विश्लेषण तथा निर्माण डकुमेण्ट तयारी सम्बन्धी कार्य गर्ने,
- शहरी बस्तीहरूको व्यवस्थित विकास गर्दा आइपर्ने समस्याहरू समाधान गर्न र बढ्दो वातावरणीय समस्याको निराकरण गर्न आवश्यक कार्यनीति र विस्तृत योजना तर्जुमा गरी स्थानीय निकायहरूसँग समन्वय र साझेदारी कायम गर्दै क्रमशः लागु गर्दै जाने,
- स्थानीय निकायहरूलाई आफ्नो योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने तुल्याउन ती निकायहरूको प्राविधिक क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने,
- स्थानीय निकायहरूका बीच ती निकायहरूलाई प्रभाव पार्ने विकास योजनाको तर्जुमा र कार्यान्वयनमा समन्वय र साझेदारी कायम गर्ने,
- शहरी विकास तथा भवन निर्माणसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजनाहरू तर्जुमा गर्ने र तिनको क्रमशः कार्यान्वयन गर्ने,
- शहरी वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने ।

**महानिर्देशक, उपमहानिर्देशक, महाशाखा तथा शाखाहरुको कार्य विवरण**

**महानिर्देशकको कार्य विवरण**

- शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका निकायसंग सम्पर्क र समन्वय सम्बन्धी,
- विभाग र अन्तर्गतका कार्यालय तथा आयोजनाबाट संचालित कार्यक्रमको सुपरिवेक्षण र अनुगमन सम्बन्धी,
- विभागको प्रशासनिक र व्यवस्थापकिय नेतृत्व,
- उच्च स्तरीय बैठकमा विभागको प्रतिनिधित्व सम्बन्धी,
- वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- बेरुजु फछ्र्यौट सम्बन्धी,
- महाशाखा प्रमुखहरुलाई आवश्यक निर्देशन र समन्वय,
- तालुक निकायहरुको नीति निर्देशन पालना सम्बन्धी ।

**उप–महानिर्देशकहरुको कार्य विवरण**

- तोकिएको महाशाखाको नेतृत्व,
- महाशाखा अन्तर्गतका वार्षिक कार्यक्रम तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी,
- शाखाहरुलाई कार्य सम्पादनका लागि निर्देशन र समन्वय सम्बन्धी,
- तोकिएको कार्यदलहरुमा विभागको प्रतिनिधित्व सम्बन्धी,
- महानिर्देशकलाई राय सल्लाह,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**आवास महाशाखा**

- एकीकृत वस्ती सम्बन्धी नीति, कार्यक्रम तथा मापदण्ड सम्बन्धी,
- लक्षित वर्ग तथा अन्य आवास सम्बन्धी नीति, कार्यक्रम तथा मापदण्ड सम्बन्धी,
- विभागको कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय गरी योजनाको तर्जुमा सम्वन्धी,
- वैदेशिक सहयोगमा संचालित आयोजनाहरुमा समन्वय सम्बन्धी,
- विभागको खरिद व्यवस्थापन सम्बन्धी,
- जग्गा विकास चक्रकोष सम्बन्धी,
- कार्यक्रमको प्रगति अनुगमन, मूल्यांकन र अभिलेखिकरण सम्वन्धी,
- कार्यक्रम कार्यान्वयनका समस्या समाधान गर्न विभाग र अन्तर्गतका निकाय बीच समिक्षा, छलफल तथा अन्तरक्रिया सम्बन्धी,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

उपरोक्त कार्यहरु सम्पन्न गर्नका लागि यस महाशाखा अन्तर्गत विभिन्न शाखाहरु राखिएका छन् । शाखाहरुबाट सम्पादन हुने कार्यहरु देहाय बमोजिमका छन् ।

**क) आवास शाखा**

- एकीकृत वस्ती विकास सम्बन्धी,
- प्रदेश र स्थानीय तहमा लोपोन्मुख, सिमान्तकृत, गरिव, जेष्ठ नागरिक तथा लक्षित आवासको नीति, मापदण्ड र नियमन सम्बन्धी,
- आवास नीति अनुसार आवास योजनाका लागि जग्गा प्राप्ति तथा तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- आवास आपूर्ति र वातावरण बिच सामन्जस्यता कायम गर्न नीति, कानून तथा मापदण्ड सम्बन्धी,
- राष्ट्रिय महत्वका आयोजनावाट विस्थापितको लागि पूर्नवास योजना कार्यान्वयन सम्बन्धी,
- कर्मचारी आवासको नीति, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी,
- विशिष्ट पदाधिकारीहरुको सरकारी आवासको नीति, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी,
- जग्गा विकास चक्रकोष सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**ख) योजना तथा विकास सहायता शाखा**

- विभागका लागि अल्पकालीन तथा दीर्घकालिन योजनाहरुको तर्जुमा सम्बन्धी,
- विभाग र अन्तर्गतका निकायवाट संचालन गरिने वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि सम्बद्ध निकायहरुमा पठाउने सम्बन्धी,
- आयोजना र कार्यक्रमहरुको आवधिक प्रगति विवरणहरु प्राप्त गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी,
- आयोजना चक्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण समाहित गर्ने सम्बन्धी,
- वैदेशिक सहयोगका आयोजना तर्फका कार्यक्रम समन्वय सम्बन्धी,
- विभागको सूचना अधिकारी सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**ग) खरिद अनुगमन मूल्याङ्कन तथा अभिलेख शाखा**

- बार्षिक खरिद योजना तयारी र स्वीकृति सम्बन्धी,
- बहुवर्षिय खरिद गुरुयोजना तयारी र स्वीकृति सम्बन्धी,
- विभागको सार्वजनिक खरिद सम्बन्धी खरिद इकाई प्रमुख,
- खरिद शाखा प्रमुखको रुपमा सार्वजनिक खरिद ऐन/नियमावलीले तोकेका कार्यहरु सम्बन्धी,
- विभागको विद्युतिय खरिद सम्बन्धी,
- विभाग र अन्तर्गतका आयोजनाहरु र कार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा निरिक्षण सम्बन्धी,

- कार्यक्रम अनुगमन निरीक्षणको लागि कर्मचारी खटाउन सिफारिस गराउने सम्बन्धी,
- अनुगमन तथा निरिक्षण प्रतिवेदनका आधारमा प्रगति विवरण तयार गरी महाशाखा प्रमुख तथा विभागिय प्रमुख समक्ष पेश गर्ने सम्बन्धी,
- पुस्तकालय, ई—पुस्तकालय तथा डकुमेन्टेशन सेन्टर सम्बन्धी,
- प्रगति प्रतिवेदनको सुझावलाई अभिलेखिकरण गरी वेभ साइटमा प्रकाशन सम्बन्धी,
- विभागको वेभ साइट संचालन सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**घ) संयुक्त तथा बहुतले भवन नियमन शाखा**

- संयुक्त र बहुतले आवास भवन निर्माण ऐन/नियममा समयानुकुल अध्यावधिक गर्न सिफारिस सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माणमा देखा परेका समस्याहरु पहिचान गरी समाधानका लागि कार्यविधि/निर्देशिका तयार गरी स्वीकृति सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माण अनुमतिका लागि पेश भएका प्रस्तावहरु चेकजाँच गरी निर्माण स्वीकृति सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माणको अनुगमन गरी निर्माण सम्पन्न प्रमाणपत्र सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माण प्रविधिको अध्ययन, अनुसन्धान र विकास सम्बन्धी,
- संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन २०५४ मा तोकिएका कार्य सम्बन्धी ।
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**शहरी विकास महाशाखा**

- वस्ती विकास नीति, शहरी विकास नीति र शहरी विकास रणनीति तथा व्यवसायिक योजना सम्बन्धी,
- वस्तीहरुको भौतिक विकास योजना र शहरी पूर्वाधार विकास नीति मापदण्ड र समन्वय सम्बन्धी,
- शहरी वातावरण र जलवायु अनुकुलनता सम्बन्धी,
- शहरी तथ्यांक तथा भू—सूचना र आयोजना बैंक सम्बन्धी,
- विशिष्ट शहरी पूर्वाधार लगानीको पहिचान, तयारी, कार्यान्वयन, अनुगमन नियमन सम्बन्धी,
- संघ प्रदेश र स्थानीय तहको भौतिक विकास तथा शहरी पूर्वाधार सम्बन्धी,
- शहरी योजना तथा विकास केन्द्र सम्बन्धी,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**क) भौतिक योजना शाखाः**

- संघ प्रदेश र स्थानीय तहको भौतिक विकास तथा शहरी विकासको समन्वय सम्बन्धी,
- शहरी आर्थिक करिडोरको भौतिक विकास योजना तर्जुमा सम्बन्धी,

- राष्ट्रिय महत्वको भौतिक विकास योजना तर्जुमा र निर्देशिका सम्बन्धी,
- भौतिक विकासमा प्रदेश र स्थानीय तहसंगको सम्पर्क सम्बन्धी,
- प्लानिङ्ग नमर्स तथा स्टेण्डर्स व्यवसायिक योजना अद्यावधिक, वितरण र नियमन सम्बन्धी,
- शहरी विकास सम्बन्धी कार्यका लागि नीति तर्जुमा तथा कार्यान्वयन अवस्थाको अनुगमन सम्बन्धी,
- राष्ट्रिय शहरी नीतिको कार्यान्वयन अवस्था पुनरावलोकन, आवधिक परिमार्जन तथा संशोधन सम्बन्धी,
- अर्वन डिजाइन गाइडलाइन सम्बन्धी,
- नगर विकास समितिहरुलाई प्राविधिक सहयोग उपलव्ध गराउने सम्बन्धी,
- नगर विकास समिति सम्बन्धी ऐन नियमको आवधिक परिमार्जन र संशोधन सम्बन्धी,
- भौतिक योजना तर्जुमा कार्यान्वयनसंग सम्बन्धीत ऐन, नियम, निर्देशिकाहरुको मस्यौदा सम्बन्धी,
- शहरी योजना तथा विकास केन्द्रको समन्वय सम्बन्धी,
- शहरी पूर्वाधारको अवस्था सूचक सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**ख) वातावरण शाखा**

- शहरी वातावरण सुधार र संरक्षणका कार्यक्रमहरु तर्जुमा सम्बन्धी,
- शहरी वातावरण सूचकहरुको तथ्यांक सम्बन्धी,
- शहरी वातावरण निर्देशिका अद्यावधिक सम्बन्धमा,
- शहरी वातावरण र जलवायू परिवर्तन सम्बन्धी नीति तर्जुमा, मापदण्ड तथा कार्यान्वयनको लागि सम्पर्क शाखा,
- प्रदेश र स्थानीय तहको सहकार्यमा स्वच्छ शहरी वातावरण कायम गर्न कार्यक्रमहरु सञ्चालन र समन्वय सम्बन्धी,
- शहरी क्षेत्रमा जलवायू परिवर्तन बारे अध्ययन विश्लेषण गरी जलवायू परिवर्तन अनुकुलन हुने गरी शहरी पूर्वाधार निर्माण गर्न निर्देशिका र कार्यविधि तर्जुमा सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**ग) शहरी तथ्यांक तथा भू सूचना शाखा**

- शहरी क्षेत्रको तथ्यांक, डिजिटल आधार नक्शारअर्बन म्याप तथा सूचना अद्यावधिक सम्बन्धी,
- प्रदेश तथा स्थानीय तहसंग समन्वय गरि शहरी क्षेत्रको भूसूचना प्रणाली विकास गर्ने र सूचना आदान प्रदान सम्बन्धी,
- शहरी भू—सूचना प्रणाली विकास गर्न आवश्यक नीति तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- राष्ट्रिय शहरी सूचना केन्द्र सम्बन्धी,
- भू—सूचना सम्बन्धी कार्यमा विभागको सम्पर्क शाखा,
- विभागीय कार्यक्षेत्रसंग सम्बन्धित तथ्याङ्कहरु सम्बन्धी,

- शहरी मेट्रिक्स ठेगाना प्राणाली सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

### घ) शहरी पूर्वाधार विकास शाखा

- महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुबाट गरिने शहरी योजना र विकास सम्बन्धी कार्यहरुको मापदण्डमा एकरुपता सम्बन्धी,
- शहरी पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड तर्जुमा गर्ने र अनुगमन मूल्यांकन सम्बन्धी,
- संघीय महत्वका राष्ट्रिय शहरी पूर्वाधारहरुको आवश्यकताको पहिचान र कार्यान्वयन सम्बन्धी,
- विशिष्ट शहरी संरचनाहरुको पहिचान, मापदण्ड तर्जुमा र कार्यक्रम कार्यान्वयन सम्बन्धी,
- राष्ट्रिय शहरी विकास रणनीति बमोजिम नगरपालिकाहरुको शहरी प्रणालीको अध्ययन गर्ने र शहरी पूर्वाधार अवस्था सूचक (Urban Infrastructure Condition Index) अद्यावधिक सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

### भवन महाशाखा

- विभागको उद्देश्य अनुरुप भवन निर्माण सम्बन्धी नीति, मापदण्ड, निर्देशिका र कार्यविधि तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- राष्ट्रिय भवन संहिता परिमार्जन र कार्यान्वयन तथा अनुगमन, मूल्यांकन र नियमन सम्बन्धी,
- सरकारी भवनहरुको डिजाइन, लागत अनुमान तयार गर्ने गराउने सम्बन्धी,
- अनुरोध भई आएमा अन्य सरकारी निकायलाई भवन निर्माण सम्बन्धी प्राविधिक सहयोग सम्बन्धी,
- भवन ऐन अनुसार विभागलाई तोकिएको जिम्मेवारी निर्वाह गर्ने सम्बन्धी,
- अन्य निकायबाट अनुरोध भई आएमा निर्माण गरिने भवन राष्ट्रिय भवन संहिताका प्रावधान अनुरुप भए नभएको सिफारिस सम्बन्धी,
- नियमित रुपमा सरकारी भवनहरुको लगत, मर्मत तथा मूल्यांकन सम्बन्धी,
- अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका ठुला सभाहल, स्तम्भ तथा भ्यू टावर निर्माण सम्बन्धी,
- स्वास्थ्य, भंसार र श्रम भवन निर्माण सम्बन्धी,
- भवन सर्भिसेज सम्बन्धी,
- प्रकोप पश्चात्तको पुनर्निर्माण सम्बन्धी,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**महाशाखाबाट गरिने काम प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि महाशाखा अन्तर्गत निम्नअनुसारका शाखाहरु स्थापना भएका छन् ।**

**क) डिजाईन तथा निर्माण शाखा**

- सरकारी कार्यालय भवन निर्माणस्थल छनौट, आर्किटेक्चरल तथा इन्जिनियरिङ डिजाईन एवं ड्रईङ्ग सम्बन्धी,
- भवन निर्माण कार्यको गुरुयोजना तयार तथा Geo-Technical Investigation सम्बन्धी,
- भवनका नमुना डिजाईनहरु सम्बन्धी,
- अन्य सरकारी निकायहरुवाट अनुरोध भएमा डिजाईन ड्रईङ्गहरुको पुनरावलोकन (Review) सम्बन्धी,
- अन्य सरकारी निकाय, प्रदेश र स्थानीय तहवाट अनुरोध भएमा कुनै विशेष भवन संरचनाको डिजाईन ड्रईङ्ग तयार गर्ने सम्बन्धी,
- संघीय सरकारका भवन संरचनाहरुको आवश्यकता अनुसार अवलोकन मूल्याङ्कन सम्बन्धी,
- राष्ट्रिय महत्वका संरचनाहरुका डिजाईन तथा कार्यान्वयन गर्ने,
- भवन डिजाइन तथा निर्माण गर्दा अपाङ्गमैत्री तथा समावेशीकरणको विषय सम्बोधन सम्बन्धी,
- सरकारी भवनहरुको निर्माण कार्यको निरीक्षण तथा अनुगमन र गुणस्तर कायम गर्न स्पेसिफिकेसन तयार र सुधार सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**ख) मर्मत मूल्याङ्कन तथा सर्भिसेज शाखा**

- सरकारी संघीय भवनहरुको लगत राखी मर्मत सुधार गर्ने सम्बन्धी,
- विभिन्न भौगोलिक क्षेत्रमा विद्यमान परम्परागत स्थानीय भवन निर्माण प्रविधिको विश्लेषण गरी स्थानीय विशेषता निर्माण सामाग्री र प्रविधि समेतको उपयोग गरी बलियो, टिकाउ, मितव्ययी र वातावरणमैत्री भवन मर्मत संभार गर्ने सम्बन्धी,
- नेपाल सरकार अन्तर्गतका विभिन्न निकायबाट मूल्याङ्कनका लागि माग भए अनुरुप भवनको मूल्याङ्कन सम्बन्धी,
- भवन मर्मत कार्यको लागि वजेट तर्जुमा र मातहत कार्यालयमा विनियोजित वजेट वितरणको व्यवस्था मिलाई मर्मतको लागि प्राथमिकता सूची निर्धारण सम्बन्धी,
- भवन मर्मत कार्यको लागि उपयुक्त प्रविधिको विकास एवं प्रविधि र निर्माण समाग्रीहरु वारे तालिम दिने सम्बन्धी,
- विपद् पश्चातको संघिय स्तरको सरकारी संरचनाहरुको मर्मत र सवलिकरण (Retrofitting) सम्वन्धि नीति, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- मर्मत, प्रवलिकरण वा नयाँ निर्माण गरिने यस्ता संरचनाहरुको लागत अनुमान, डिजाईन र पुनर्निर्माणको गुरुयोजना समेत तयार गरी कार्यान्वयन गर्ने सम्बन्धी,
- पुनर्निमाण सम्वन्धी निर्देशिका तथा मापदण्डहरुको अध्यावधिक गर्ने सम्बन्धी,

- पुनर्निमाण कार्यको लागि स्थानीय तह र प्रदेश सँग समन्वय गर्ने सम्बन्धी,
- पुनर्निमाणका लागि बजेट तर्जुमा र स्वीकृती सम्बन्धी ।
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**ग) भवन संहिता तथा मापदण्ड शाखा**

- राष्ट्रिय भवन निर्माण संहिता तर्जुमा, अध्यावधिक र कार्यान्वयन गर्ने सम्बन्धी,
- भवन निर्माण सम्वन्धी निर्माण सामग्री र प्रविधिको विकास गर्न यस क्षेत्रका व्यवसायी, उद्योगीहरुसँग समन्वय कायम गर्दै नयाँ प्रविधि विकास सम्बन्धी,
- विभिन्न मुलुकहरु भएका भवन निर्माण सम्बन्धी प्रविधिको नविनतम सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने सम्बन्धी ।
- भवन निर्माण क्षेत्रमा कार्यरत सबै तहका जनशक्तिलाई समानूकूल वढी दक्ष तथा कुशल वनाउन तालिम भ्रमण, उच्च शिक्षा अध्ययन, सीप एवं अनुभवको आदान प्रदान को व्यवस्था मिलाउने सम्बन्धी,
- भवन निर्माण सामाग्री प्रयोगशालावाट निर्माण सामाग्रीहरुको गुणस्तरको परीक्षण गर्दै प्राप्त नतिजाको आधारमा उपयुक्त निर्माण सामग्रीको प्रबद्र्धन गर्ने,
- नेपाल सरकारवाट स्वीकृत भएको भवन निर्माण संहिता को कार्यान्वयनको अवस्था को निरन्तर अनुगमन गर्ने सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**घ) स्वास्थ्य भवन शाखा**

- संघीय सरकारबाट निर्माण गर्नुपर्ने विभिन्न स्तरका स्वास्थ्य सम्बन्धी भवनहरुको कार्यक्रम तर्जुमा र बजेट व्यवस्थापनको लागि स्वास्थ्य मंत्रालयसँग समन्वय गर्ने सम्बन्धी,
- निर्माणाधिन स्वास्थ्य संस्थाहरुको ठेक्का व्यवस्थापनमा मातहतका कार्यालयहरुलाई निर्देशित गर्ने सम्बन्धी,
- विभिन्न स्तरका स्वास्थ्य सम्बन्धी भवनहरुको निर्माणको सन्दभमा विभाग अन्तर्गतका कार्यालयहरुलाई निर्देशन दिने र संभावित कार्यको अनुगमन निरीक्षण सम्बन्धी,
- स्वास्थ्य भवन निर्माणका लागि संघीय स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागसंग समन्वय गर्ने ।
- विभिन्न स्तरका स्वास्थ्य भवन निर्माणका लागि नमूना डिजाइन, मापदण्ड, कार्यविधी र स्पेसिफिकेसन तयार पार्ने सम्बन्धी,
- स्वास्थ्य क्षेत्रसंग सम्बन्धित विभिन्न भवनहरुको साइट सर्वेक्षण तथा सम्पूर्ण इन्जिनियरिङ्ग डिजाइन तयारी एवं पुनरावलोकन सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

## क) कर्मचारी प्रशासन शाखा

- विभागबाट हुने सम्पूर्ण प्रशासनिक कार्यहरु सम्पादन गर्ने तथा अन्तर्गतका निकायहरुको प्रशासनिक कार्यहरुको समन्वय गर्ने,
- विभाग र अन्तर्गतका कर्मचारीहरुको नियुक्ति, विदा, काज, सरुवा, बढुवा, तालिम, प्रोत्साही पुरस्कार, छात्रबृत्ति, विभागीय कारवाही लगायतका प्रशासनिक कार्यहरु सम्पादन गर्ने/निर्णयका लागि रायसाथ पेश गर्ने,
- विभागको निरिक्षण, पालोपहरा, सरसफाई, सवारी साधनको व्यवस्था आदि कार्यहरु गर्ने गराउने,
- विभागमा माग भै आएका प्रशासनिक राय, सल्लाह, सुझाव तथा निर्देशनहरु सम्बन्धित निकायलाई उपलव्ध गराउने,
- आवश्यकता अनुसार विभाग र अन्तर्गतका कार्यक्रम र कर्मचारीहरुको अनुगमन गर्ने,
- विभाग र अन्तर्गतका कार्यालयहरुको सम्पूर्ण प्रशासनिक कार्यहरुको अनुगमन समन्वय र निर्देशन गर्ने,
- विभागको आन्तरिक व्यवस्थापन तथा सुशासन प्रबर्धन सम्बन्धी कार्य सम्पादन गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार विभागीय प्रमुख समक्ष पेश गर्ने ।
- कर्मचारी प्रशासनको निर्णयको क्रममा विभागीय प्रमुखलाई राय उपलव्ध गराउने ।
- शाखालाई तोकिएका कार्यहरुका अतिरिक्त कुनै पनि शाखाले सम्पादन गर्ने भनी किटानी गरिएका भन्दा बाहेक सम्पूर्ण कार्य गर्ने ।

## ख) आर्थिक प्रशासन शाखा

- बिभागको आर्थिक—वित्तीय प्रशासन तथा ब्यवस्थापन सम्बन्धी,
- आयोजना र कार्यक्रमहरुको आवधिक विवरण तथा फांटवारीहरु तयारी सम्बन्धी,
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकन सम्बन्धी,
- विभाग र अन्तर्गतका कार्यालयहरुका लागि आवश्यक साधारण बजेट तयारी सम्बन्धी,
- विभाग र अन्तर्गतका संचालन हुने आयोजना र कार्यक्रमहरुको पूँजिगत बजेट तयारीका क्रममा योजना शाखासँग समन्वय सम्बन्धी,
- विभाग र अन्तर्गतका कार्यालयहरुका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट चालु र पुँजिगत बजेट निकासा आर्थिक कारोवार गर्ने, श्रेष्ता राख्ने र नियमित रुपमा प्रतिवेदन तयारी सम्बन्धी,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी,
- महालेखापरीक्षकको कार्यालयबाट औंल्यांइएका वेरुजु तथा पेश्की फछ्र्यौट सम्बन्धी,
- रकमान्तर सम्बन्धी,
- विभागीय प्रमुख र महाशाखा प्रमुखलाई आर्थिक प्रशासनको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी,
- महालेखा नियन्त्रक कार्यालयको निर्देशन कार्यान्वन समबन्धी ।

## ग) कानुन तथा विवाद व्यवस्थापन ईकाई

- महानिर्देशक, उप—महानिर्देशक र विभाग अन्तर्गतका निकायहरुवाट कानुनी राय माग भएको विषयमा कानुनी राय परामर्श उपलब्ध गराउने सम्बन्धी,
- विभाग र अन्तर्गतका कार्यालयहरुमा परेका विवाद निरुपण सम्वन्धी विषयमा लिखित जवाफ तथा पुनरावेदन पत्र तयार गरी सम्वन्धित निकायमा दर्ता गराउने सम्बन्धी,
- महानिर्देशक, उप—महानिर्देशक र विभाग अन्तर्गतका निकायहरुको कानुन सम्वन्धी विषयमा विभागको तर्फवाट न्यायिक, अर्ध न्यायिक विषयमा विभागको तर्फवाट प्रतिनिधित्व गर्ने सम्बन्धी,
- विभागको खरिद व्यावस्थापन सम्वन्धी कार्यमा मुल्याङ्कन समितिको सदस्यको रुपमा कार्य गर्ने सम्बन्धी,
- तोकिएको थप कार्यहरु सम्बन्धी ।

## राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र,

- भवन निर्माण सम्वन्धी चलन चल्तिका प्रविधिहरुको अध्ययन अनुसन्धान गरी अभिलेखिकरण गर्ने र उपयुक्त प्रविधिको विकास र प्रवद्र्धन सम्बन्धी,
- भवन निर्माण सामाग्रीहरुको गुणस्तर एवं उपयुक्तता परीक्षण र प्रवद्र्धन सम्बन्धी,
- निर्माण सामाग्री तथा भवन प्रविधि सम्बन्धमा नियम—विनियम, निर्देशिका तथा आचार संहिताहरु निर्माण तथा परिमार्जन सम्बन्धी,
- भवन सम्बन्धी कालिगढहरुको तालीम कार्यक्रम संचालन सम्बन्धी,
- क्षतिको मूल्याङ्कन, नीति तर्जुमा तथा कार्यान्वयन सम्बन्धी,
- भवन, आवास र शहरी क्षेत्रको कार्यमूलक तथा शैक्षिक अनुसन्धानको समन्वय सम्बन्धी,
- प्रकोप जोखिम अनुसन्धानको फोकल विन्दुको कार्य सम्बन्धी,
- हरित भवन निर्माण प्रविधि र औकात अनुसारको भवन निर्माण प्रविधिको अध्ययन, अनुसन्धान विकास तथा प्रवद्र्धन सम्बन्धी,
- प्रदेश र स्थानीय तहसंग समन्वय गरि बहुप्रकोप प्रतिरोधी भवन निर्माण कार्यविधि तर्जुमा तथा नियमन सम्बन्धी ।

## विभागवाट प्रदान गरिने सेवा

### भवन तर्फ

यस विभागबाट मुख्यरुपमा निम्न कार्यहरु गरिन्छ ।

- सरकारी निकायहरुको भवननिर्माण, सुधार र पुनः निर्माणको लागि डिजाइन, लागत इष्टिमेट, जनता आवास कार्यक्रम र अन्य परामर्श सेवा उपलब्ध गराउने,
- सरकारी भवनहरुको डिजाइन तथा निर्माणमा संलग्न रहने परामर्शदाचाहरुको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरि लागू गर्ने,
- भवन निर्माणसम्बन्धी निर्देशिका तथा नक्सा तयार गर्ने,
- भवन निर्माणका लागि साइट प्लान तयार गर्ने,
- भवनहरुको स्यानिटरी योजना वातानुकूलित प्रणाली (Air conditioning System), थर्मल इन्सुलेशन (Thermal Insulation), अकोष्टिक डिजाइन (Acoustic Design) लिफ्ट (Lift) तथा इस्कलेटर सिष्टम (Escalator System) हरुको विस्तृत डिजाइन रलागत इष्टिमेट तयार पार्नका लागि समन्वय गर्ने,
- सबै सरकारी भवनहरुको लवगत अद्यावधिक गरीसोको आधारमा सरकारी भवन मर्मतसम्बन्धी दीर्घकालीन नीति तयार गरी कार्य गर्ने,
- भवन निर्माणसम्बन्धी अन्य मुलुकहरुमा अपनाइएको उपयुक्त प्रविधि छनौट गरी उक्त प्रविधि सरकारी तथा निजि क्षेत्रमा प्रयोग गर्न प्रचार प्रसार गर्ने,
- दररेट विश्लेषण तथा निर्माण डकुमेण्ट तयारी सम्बन्धी कार्य गर्ने,
- शहरी बस्तीहरुको व्यवस्थित विकास गर्दा आइपर्ने समस्याहरु समाधान गर्न र बढ्दो वातावरणीय समस्याको निराकरण गर्न आवश्यक कार्यनीती र विस्तृत योजना तर्जुमा गरी स्थानीय निकायहरुसँग समन्वय र साझेदारी कायम गर्दै क्रमशः लागु गर्दै जाने,

### शहरी विकास तर्फ

- स्थानीय निकायहरुलाई आफ्नो योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने तुल्याउन ती निकायहरुको प्राविधिक क्षमता अभिवृद्धी गर्न सहयोग गर्ने,
- स्थानीय निकायहरुकाबीच ती निकायहरुलाई प्रभाव पार्ने विकास योजनाको तर्जुमा र कार्यान्वयनमा समन्वय र साझेदारी कायम गर्ने,
- शहरी विकास तथा भवन निर्माणसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजनाहरु तर्जुमा गर्ने र तिनको क्रमशः कार्यान्वयन गर्ने,
- शहरी वातावरण संरक्षण सम्बन्धि कार्य गर्ने,

### आवास तर्फ

- आवासलाई सर्व सुलभ र सबै वर्गका जनताको महुँचलाई सुनिश्चित गर्न राष्ट्रिय आवास नीति तयार गर्ने

- ग्रामिण क्षेत्रमा छरिएर रहेका बस्तीहरुलाई एकिकृत गरी घना वस्तीको रुपमा विकास गर्न घनावस्ती विकास हुन सक्ने संभाव्य स्थानहरुको संभाव्यता अध्ययन गरी आवश्यक पूर्वाधारहरुको विकास गर्ने
- काठमाण्डौ उपत्यकाको अव्यवस्थित एवं अस्वस्थकार टोल बरतीहरुको विस्तारलाई निरुत्साहीत गर्दै व्यवस्थापन गर्न न्यून आय भएका परिवारहरुको आवास सुविधा तथा भौतिक पूर्वाधारहरुको महुँचमा बृद्धी गर्ने
- काठमाण्डौ उपत्यकाका नदी किनारमा तथा अन्य स्थानमा रहेको अव्यवस्थित र अस्वस्थकर बस्तीहरु व्यवस्थत गर्ने
- न्यून आय भएका लक्षित समुदायलाई किफायति आवास निर्माण गरी बसोबासको व्यवस्था गर्न जनता आवास जस्ता कार्यक्रम संचालन गर्ने
- देशका विभिन्न भागमा घनावस्तीको रुपमा विकास भैसकेका र गुचुमुच्चु परेर रहेका वस्तीहरुमा आवश्यक पूर्वाधार बाटो, खानेपानी, शौचालय, नाली, खुला क्षेत्र आदिको व्यवस्था गर्ने
- व्यवस्थित शहरी विकासका लागि जग्गा विकास कार्यक्रमहरु संचालन गर्ने
- आवास र भवन क्षेत्रलाइ देशको आर्थिक गतिविधसँग आवद्ध गर्न निर्माण Industry को रुपमा स्थापित गर्ने
- यी प्रमुख कार्यहरुका साथै यस विभागलाई जनयुद्धका क्रममा ध्वस्त भएका भवन तथा संरचनाहरुको पुनःनिर्माण तथा शिविर व्यवस्थापन सम्बन्धी कामको थप जिम्मेवारी प्राप्त हुनुका साथै अदालत तथा स्वास्थ्य मन्त्रालय अन्तरगतका स्वास्थय भवनहरुको निर्माण सुपरीवेक्षण लागत इष्टिमेट तथा डिजाइन जनता आवास कार्यक्रम आदिको जिम्मेवारी समेत यस विभागलाई प्राप्त भएको छ ।

## सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

**शाखाको जिम्मेवारी**

| **१.महानिर्देशकज्यूको कार्यकक्ष** | | | |
|---|---|---|---|
| सि.नं. | पद | नाम,थर | कैफियत |
| १ | महानिर्देशक | श्री मणि राम गेलाल | |
| २ | शा.अ. | श्री लक्ष्मणप्रसाद न्यौपाने (निजी सचिव) | |
| ३ | कार्यालय सहयोगी | श्री बालकुमार नेपाल | |
| ४ | कम्प्युटर अपरेटर | श्री वृन्दा घिमिरे | (करार) |
| ५ | कार्यालय सहयोगी | श्री सीता अर्याल | (करार) |
| ६ | ह.स.चा. | श्री | (करार) |
| १.१ कानूनी तथा विवाद व्यवस्थापन एकाई | | | |
| १ | कानून अधिकृत | श्री राजेन्द्र न्यौपाने | |
| १.२ आर्थिक प्रशासन शाखा | | | |

| | | | |
|---|---|---|---|
| १ | प्रमुख लेखा नियन्त्रक | श्री शिवराम महत | |
| २ | लेखा अधिकृत | श्री श्रीधर भट्टराई | |
| ५ | लेखापाल | श्री पशुपतिनाथ योगी | |
| ६ | लेखापाल | श्री सीता के.सी | |
| ७ | सहलेखापाल | श्री सन्तोष कार्की | |
| ८ | कार्यालय सहयोगी | श्री हिरालाल तण्डुकार | |
| ९ | परामर्शदाता | श्री रत्नलाल श्रेष्ठ | परामर्श सेवा |
| १० | परामर्शदाता | श्री टंकनाथ थपलिया | परामश सेवा |
| ११ | कम्प्युटर अपरेटर | श्री हरिप्रसाद पनेरु | (करार) |
| १२ | कम्प्युटर अपरेटर | श्री मोनिका महर्जन | (करार) |
| १३ | कम्प्युटर अपरेटर | श्री केदार आचार्य | (करार) |
| १४ | कम्प्युटर अपरेटर | श्री निकिता रेग्मी | (करार) |
| १५ | ह.स.चा. | श्री देवनारायण महर्जन | (करार) |
| १६ | कार्यालय सहयोगी | श्री यशोदा गिरी | (करार) |
| | | | |
| १.३ कर्मचारी प्रशासन शाखा | | | |
| १ | उप—सचिव | श्री खेमराज उपाध्याय | |
| २ | शाखा अधिकृत | श्री मोहन प्रसाद कोइराला | |
| ३ | कम्प्युटर अपरेटर | श्री रामकृष्ण खत्री | (करार) |
| ४ | खरिदार | श्री शोभा अधिकारी | |
| ५ | कार्यालय सहयोगी | श्री तिलकध्वज खत्री | |
| ६ | कार्यालय सहयोगी | श्री सरिता लोहनी | करार |
| | | | |
| १.४ दर्ता चलानी फाँटः— | | | |
| १ | खरिदार | श्री नविन कुँवर | |
| २ | कार्यालय सहयोगी | श्री राजु फुयाल | |
| ३ | कार्यालय सहयोगी | श्री भीमबहादुर बुढा | करार |
| | | | |
| १.५ स्टोर फाँट : | | | |
| १ | ना.सु. | श्री कृष्ण प्रसाद पौडेल | |
| २ | कार्यालय सहयोगी | श्री रमेश पौडेल | |
| ३ | क.अ. | श्री जमुना खत्री | करार |

| | | | |
|---|---|---|---|
| | | | |
| २ भवन महाशाखाः | | | |
| १ | उपमहानिर्देशक | श्री द्वारीका श्रेष्ठ | |
| २ | टा.ना.सु. | श्री सीता आचार्य | फाजिल |
| ३ | का.स. | श्री शुशिला पुडासैनी | करार |
| | | | |
| २.१ डिजाइन तथा निर्माण शाखाः | | | |
| १ | सि.डि.इ. | श्री मचाकाजी महर्जन | |
| २ | ई. | श्री निसा के.सी. | |
| ३ | ई. | श्री मिरा श्रेष्ठ | |
| ४ | इले. ई. | श्री राजेन्द्र प्रसाद कुशवाहा | |
| ५ | स्याने. ई. | श्री सुनिल कर्माचार्य | |
| ६ | ई. | श्री प्रमोद कुमार शाह | करार |
| ७ | ई. | श्री श्रृती झा | करार |
| ८ | ई. | श्री दिपेश जोशी | करार |
| ९ | क.अ. | श्री शान्ती लामा | करार |
| १० | ह.स.चा. | श्री लवविक्रम बस्नेत | करार |
| ११ | का.स. | श्री बलराम घिमिरे | करार |
| | | | |
| २.२ मर्मत मुल्यांकन तथा सर्भिसेज शाखाः | | | |
| | | | |
| १ | सि.डि.ई. | श्री किशोरलाल महाजु | |
| २ | ई. | श्री संगिता यादव | |
| ३ | ई. | श्री तुलसीराम खर्बुजा | |
| ४ | का.स. | श्री रचना पौडेल | करार |
| | | | |
| २.३ भवन संहिता तथा मापदण्ड शाखाः | | | |
| १ | सि.डि.ई. | श्री मनोज नकर्मी | |
| २ | इन्जिनियर | श्री उद्दव प्रसाद गुरागाई | |
| ३ | इन्जिनियर | श्री सुदर्शन शर्मा | |
| ४ | इन्जिनियर | श्री सुरज काफ्ले | करार |
| ५ | इन्जिनियर | श्री सुवास खड्का | करार |

| | | | |
|---|---|---|---|
| ६ | मेकानिक्स | श्री तेजलाल मानन्धर | फाजिल |
| ७ | का.स. | श्री भिमला कुमारी तिमल्सिना | करार |
| | | | |
| २.४ स्वास्थ्य भवन शाखाः | | | |
| १ | सि.डि.इ. ) | श्री हिमाल के.सी | |
| २ | इन्जिनियर | श्री स्मृती उपाध्याय | |
| ३ | इन्जिनियर | श्री सञ्जु लामिछाने | |
| ४ | कम्प्युटर अधिकृत | श्री रिदेश ताम्राकार | फाजिल |
| ५ | का.स. | श्री भोलानाथ दाहाल | करार |
| | | | |
| ३ आवास महाशाखाः | | | |
| १ | उपमहानिर्देशक | श्री | |
| २ | ना.सु. | श्री अन्जु राउत | |
| ३ | टा ना सु | श्री गीता सापकोटा | फाजिल |
| ४ | ह.स.चा | श्री | करार |
| ५ | का.स. | श्री हिरा देवी डंगोल | |
| | | | |
| ३.१ आवास शाखा | | | |
| | | | |
| १ | सि.डि.इ. | श्री श्याम किशोर सिंह | |
| २ | इन्जिनियर | श्री धर्मेन्द्र पन्थी | |
| ३ | इन्जिनियर | श्री जानप घिमिरे | करार |
| ४ | सब.इन्जिनियर | श्री मान बहादुर सिंह | करार |
| ५ | क.अ. | श्री सुरेन्द्र राज खतिवडा | करार |
| ६ | का.स. | श्री सुनिता सेढाई | करार |
| | | | |
| ३.२ योजना तथा विकास सहायता शाखा ः | | | |
| १ | सि.डि.इ. | श्री चन्द्र शेखर महतो | |
| २ | इन्जिनियर | श्री रविन कस्ती | |
| ३ | इन्जिनियर | श्री सफल श्रेष्ठ | |
| ४ | कार्यालय सहयोगी | श्री राजु कनौजिया | |
| ५ | कम्प्यूटर अपरेटर | श्री अजयकुमार सिंह | (करार) |

| | | | |
|---|---|---|---|
| ६ | कम्प्यूटर अपरेटर | श्री सुदर्शन कोइराला | करार |
| ७ | ह.स.चा. | श्री रोशन शर्मा | करार |
| ८ | कार्यालय सहयोगी | श्री रामजनम पासवान | करार |
| | | | |
| ३.३ खरिद अनुगमन मूल्यांकन तथा अनुगमन शाखा ः | | | |
| १ | सि.डि.इ. | श्री निलम कुमार डंगोल | |
| २ | इन्जिनियर | श्री दिपक श्रेष्ठ | |
| ३ | पुस्तकालय अधिकृत | श्री अनिल कुमार प्रधान | |
| ३.४ संयुक्त तथा बहुतल्ले भवन नियमन शाखा | | | |
| | | | |
| १ | सि.डि.ई. | श्री श्याम किशोर सिंह | |
| २ | इन्जिनियर | श्री विवेक सिग्देल | |
| ३ | इन्जिनियर | श्री विना चाकतु | |
| ८ | क.अ | श्री सुरेन्द्र खतिवडा | करार |
| ९ | का.स. | श्री सुनिता सेढाई | करार |
| १० | ह.स.चा | श्री | करार |
| | | | |
| ४. शहरी विकास महाशाखाः | | | |
| १ | उपमहानिर्देशक | श्री पद्मकुमार मैनाली | |
| २ | ना.सु. | श्री नवराज खतिवडा | |
| | कम्प्यूटर अपरेटर | श्री गोमा देउजा | करार |
| ३ | का.स. | श्री रामहरी अर्याल | |
| | का.स. | श्री सुस्मा अधिकारी | करार |
| | | | |
| ४.१ भौतिक योजना शाखाः | | | |
| १ | सि.डि.इ. | श्री मीरा ज्ञवाली | |
| २ | इन्जिनियर | श्री विद्यादेवी सिंह | |
| ३ | इन्जिनियर | श्री सौरभ मरासिनी | करार |
| ४ | इन्जिनियर | श्री समिन पौडेल | करार |
| ५ | क.अ. | श्री कुमारी अमृता भट्टराई | करार |
| ६ | क.अ. | श्री शम्भुराम कार्की | करार |
| | | | |

| | | | |
|---|---|---|---|
| ४.२ वातावरण शाखा | | | |
| १ | सि.डि.इ. | श्री सुमन शालिके | डि.का. रसुवाबाट काज |
| २ | ई. | श्री जिता गुरुङ्ग | |
| ३ | कम्प्यूटर अप्रेटर | श्री सचितानन्द यादव | करार |
| | | | |
| ४.३ शहरी पूर्वाधार विकास शाखा | | | |
| १ | सि.डि.इ. | श्री सुरेन्द्र मोहन श्रेष्ठ | |
| २ | इन्जिनियर | श्री आशिष के.सी. | |
| ३ | इन्जिनियर | श्री महेश भेले | DLPIU गोरखाबाट विभागमा काज |
| ४ | कम्प्यूटर अप्रेटर | श्री सुन्दर श्रेष्ठ | |
| ५ | कम्प्यूटर अप्रेटर | श्री सम्झना शाह | करार |
| ६ | कम्प्यूटर अप्रेटर | श्री पुनम पोखरेल | करार |
| ७ | ह.स.चा | श्री | करार |
| ८ | का.स. | श्री अस्मिता कार्की | करार |
| | | | |
| ४.४ शहरी तथ्यांक तथा भू–सूचना शाखाः | | | |
| १ | सि.डि.ई. | श्री प्रमोदकृष्ण कर्माचार्य | |
| २ | इन्जिनियर | श्री रीता काफ्ले | |
| ३ | भूगोलशास्त्री | श्री धुर्वराज पौडेल | फाजिल |
| ४ | नापी अधिकृत | श्री राजीव ज्ञवाली | |

# सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.न. | सेवा विवरण | आवश्यक कागजात | लाग्ने दस्तुर | कार्य फछ्यौट् गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|
| १. | पुस्तक तथा प्रकाशन विक्री विवरण (भवन निर्माण निर्देशिका)<br>-Building Code Set<br>-Building Code CD<br>-काठमाडौं भ्याली प्लान | खरिद ईकाइमा दस्तुर बुझाएको रसिद | रु १००।-<br>रु ७५०।-<br>रु १५०।-<br>रु ५००।- | रसिद पेश गर्ना साथ |
| २. | नगरपालिकाहरुको Digital Base Map/Urban Map | सम्बन्धित संस्था निकायको पत्र सहित खरिद ईकाइमा दस्तुर बुझाएका रसिद | विभागिय निर्णय बमोजिम | " |
| ३. | दरभाउपत्रको फाराम विक्रि | सूचनामा माग भएअनुसार | रु ३००।- | - |
| | दरभाउपत्र दाखिला मुल्याङ्कन स्वीकृती | दरभाउपत्रमा माग भएअनुसार | - | दरभाउपत्र खोलेको मितिले १५ दिन भित्र |
| | बोलपत्र फाराम विक्रि | सूचनामा उल्लेख भएअनुसार | रु १०००।—<br>रु १००००।-<br>इस्टिमेट अनुसार | - |
| | बोलपत्र दाखिला मुल्याङ्कन स्वीकृति | | - | कार्यसुरु गरेको १५ दिन भित्र |
| ४. | धरौटि फिर्ता गर्ने | मु.अ. कर समायोजन र करचुक्ता प्रमाणपत्र तथा सम्वन्धित महाशाखा अन्तर्गतको शाखाबाट काम समाप्त भएको त्रुटि सच्याउन पर्ने नपर्ने आदि व्यहोरा सहित सिफारिस साथ निवेदन प्राप्त भएपछि | नलाग्ने | सिफारिस भएको मितिले ७ दिन भित्र |
| | भुक्तानी विवरण दिने | निवेदन | नलाग्ने | ७ दिन भित्र |
| ५. | योजना छनौट, सिफारिश वा जानकारी | सम्बन्धित डि.का.वा. मन्त्रालयको सिफारिस शहित ताकिए वमोजिमको ढाँचाको निवेदन फाराम | नलाग्ने | समय तोक्न नसकिने |
| ६. | <u>नगरविकास सम्बन्धी कामहरु</u><br>नगर विकास समिति गठनका लागि आवशेयक शर्त पुरा नभएको जाँच गरी पेश गर्ने | चारकिल्ला प्रष्ट भएको टोपी/नापीनक्शा, जनसंख्या,जनघनत्व,पूर्वाधार, स्थानिय निकायको सिफारिस | नलाग्ने | १ महिना भित्र |
| | नगर योजना स्विकृति वा परिमार्जनका लागि नेपाल सरकारमा सिफारिश गर्ने | नगर विकास समितिको पत्र | नलाग्ने | १५ दिन भित्र |
| | नगर विकास समितिलाई परमर्श दिने | - | नलाग्ने | ३ दिन भित्र |
| | भौतिक क्रवधिक योजना तयारी गर्ने, आवश्यक श्रोत जुटाउने | सम्वन्धित न.पा. को पत्र | नलाग्ने | ३ दिन भित्र जवाफ दिने |
| ७. | विभाग सम्वन्धी योजना तयारी प्राप्त गर्ने र गुनासा सुन्ने सम्बन्धी | निवेदन | नियमाअनुसार | - |
| ८. | आवास सम्बन्धी कार्य | | नलाग्ने | ३ दिन भित्र |
| ९. | भवन सम्बन्धी कार्य | | नलाग्ने | ,, |
| १०. | शहरी विकास सम्बन्धी कार्य | | नलाग्ने | ,, |

# शहरी विकास तथा भवन निर्माण विभागबाट तयार गरिएका ऐन, नियमावली तथा निर्देशिकाहरु

## नीतिहरुः

१. राष्ट्रिय शहरी नीति, २०६४
२. राष्ट्रिय आवास नीति, २०६८
३. राष्ट्रिय भवन नीति, २०६९ (मस्यौदा)
४. जग्गा विकास चक्रकोष ऋण लगानी सम्बन्धी नीति

## ऐनहरुः

५. घरजग्गा बहाल कर ऐन, २०२३
६. जग्गा प्राप्ति ऐन, २०३४
७. नगर विकास कोष ऐन, २०५३
८. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४
९. भवन ऐन २०५५
१०. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३
११. भौतिक विकास योजना ऐन (मस्यौदा)
१२. घरजग्गाको व्यावसायिक कारोबार सम्बन्धी विधेयक, २०६३ (मस्यौदा)

## नियमावलीहरुः

१३. संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६०
१४. जग्गा विकास चक्रकोष विनियमावली, २०६१
१५. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी नियमावली, २०६४
१६. भवन नियमावली, २०६१ (२०६६)

## मापदण्डहरुः

१७. राष्ट्रिय भवन संहिता, २०६०
१८. संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवास सम्बन्धी मापदण्ड
१९. निर्माण आचार संहिता, २०७०
२०. सरकारी पदाधिकारी तथा कर्मचारीहरुको कार्यकक्षको मापदण्ड, २०७०
२१. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२

## कार्यविधिहरुः

२२. राष्ट्रिय भवन संहिता कार्यान्वयन कार्यविधि, २०६०
२३. उपभोक्ता समितिबाट निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०६२
२४. भवनको लागत मूल्यांकन कार्यविधि, २०७०
२५. संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७०
२६. शहरी गरिब तथा न्यून आय वर्गका परिवारहरुको लागि व्यवस्थित बसोबास कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
२७. जनता आवास कार्यक्रम कार्यान्वयन (तेस्रो संशोधन) कार्यविधि, २०७१
२८. विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१
२९. निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१

३०. जग्गा एकीकरण आयोजना संचालन कार्यविधि, २०६१ (संशोधन २०७२)
३१. जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६६ (संशोधन २०७३)

३२. २०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका बाँके, वर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३

## निर्देशिकाहरु:

३३. निर्माण कार्य व्यवस्थापन निर्देशिका
३४. सरकारी भवन सम्भार निर्देशिका, २०५८
३५. नगर विकास निर्देशिका, २०६१
३६. निर्माण कार्य व्यवस्थापन दिग्दर्शन, २०६३
३७. भवन मर्मत तथा सम्भार निर्देशिका, २०६४
३८. भवनमा वर्षातको पानी संकलन सम्बन्धी निर्देशिका २०६६
३९. वर्षातको पानी संकलन सहयोगी पुस्तक तथा निर्देशिका, २०६६
४०. शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७
४१. भूकम्प सुरक्षात्मक आवासीय भवन निर्माणको लागि सचित्र निर्देशिका, २०६७ (राष्ट्रिय भवन संहिता २०६० मा आधारित)
४२. भूकम्प प्रतिरोधी भवन निर्माण निर्देशिका, २०६८ (ईंटा वा ढुङ्गाको गारोबाट बन्ने दुई तले तल्ला र बुइगल सम्मका भवनहरुको लागि मात्र)
४३. भूकम्प प्रतिरोधी भवन निर्माण विषयक कालिगढ तालिम निर्देशिका, २०६८ (नेपाली/अंग्रेजी Version)
४४. निर्माण कार्य व्यवस्थापन निर्देशिका, २०६८
४५. अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
४६. सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९
४७. हरित भवन प्रविधि निर्देशिका, २०६९ (मस्यौदा)

## अन्य

४८. राष्ट्रिय आवास योजना, २०७१
४९. व्यावसायिक योजना, २०७१ (अंग्रेजी र नेपाली दुवैमा)
५०. भवन निर्माण (सिभिल) कार्यहरुको दररेट विश्लेषण सम्बन्धी नर्मस, २०६९, २०७१ (दोस्रो संशोधन)
५१. डिजाइन सूचीः भूकम्प प्रतिरोधी आवास पुनःनिर्माण भाग १, २०७२
५२. जग्गा एकीकरण (के, किन, कहाँ र कसरी) ?
५३. शहरी डकर्मीहरुका लागि नेपाली भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम पाठ्यक्रम, २०७३
५४. ग्रामीण डकर्मीहरुका लागि नेपाली भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम पाठ्यक्रम, २०७३

## अंग्रेजीमा

५५. Seismic vulnerability evaluation on guideline for private & public buildings, 2011
५६. Recovery principles & guidelines, 2011
५७. Engineer's training on earthquake resistant design of building volume II: computer aided design, 2011
५८. Engineer's training on earthquake resistant design of building volume I: seismicity and design aspects, 2011
५९. Documentation of indigenous knowledge and technologies for safer buildings, 2011
६०. Guideline for mason training on earthquake resistant construction of buildings, 2011
६१. Specification of building construction (Civil) works, 2069, 2071 (Second Edition)
६२. Design catalogue for reconstruction of earthquake resistant houses vol. I, 2015 (2072)
६३. Planning Norms & standard, 2015
६४. Design catalogue for reconstruction of earthquake resistant houses vol. II, 2073
६५. Design catalogue for reconstruction of earthquake resistant houses (Nepali version)
६६. Seismic retrofitting guidelines of buildings in Nepal (RCC), 2016
६७. Seismic retrofitting guidelines of buildings in Nepal (Masonry), 2016
६८. Seismic retrofitting guidelines of buildings in Nepal (ADOBE), 2016

# विभाग अन्तर्गतका संघीय आयोजना कार्यान्वयन इकाई र सघन शहरी तथा भवन निर्माण आयोजनाहरु र यसका कार्यक्षेत्र

| सि.नं. | FPIU/PUDBC को नाम | कार्यक्षेत्र- जिल्ला |
|---|---|---|
| 1 | विभागबाट हेर्ने | काठमाडौं, भक्तपुर, ललितपुर, नुवाकोट, रसुवा, धादिङ्ग, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखा |
| 2 | प्रदेश नं. 1 संघीय आयोजना कार्यान्वयन इकाई, मोरङ्ग | मोरङ्ग, सुनसरी, धनुकटा, तेह्रथुम, संखुवासभा, ओखलढुङ्गा, भोजपुर, खोटाङ्ग, सोलुखुम्बु, |
| 3 | प्रदेश नं. 1 सघन शहरी तथा भवन निर्माण आयोजना, झापा | झापा, इलाम, पाँचथर, ताप्लेजङ्ग |
| 4 | प्रदेश नं. २ सघन शहरी तथा भवन निर्माण आयोजना, सप्तरी | सप्तरी, सिरहा र उदयपुर |
| 5 | प्रदेश नं. २ संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा | धनुषा, महोत्तरी, सर्लाही |
| 6 | प्रदेश नं. २ सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा | पर्सा, रौतहट र बारा |
| 7 | प्रदेश नं. ३ सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन | मकवानपुर, चितवन, नवलपरासी र नवलपुर |
| 8 | गण्डकी प्रदेश संघीय आयोजना कार्यान्वयन इकाई, कास्की | वाग्लुङ, म्याग्दी, मुस्ताङ, कास्की , पर्वत, स्याङ्जा, गोरखा, तनहुँ, लम्जुङ, मनाङ |
| 9 | प्रदेश नं. ५ संघीय आयोजना कार्यान्वयन इकाई, रुपन्देही | रुपन्देही अर्घाखाँची कपिलवस्तु, पाल्पा, गुल्मी |
| 10 | प्रदेश नं. ५ सघन शहरी तथा भवन निर्माण आयोजना, दाङ्ग | दाङ्ग, प्यूठान, रोल्पा, रुकमु पूर्व |
| 11 | प्रदेश नं. ५ संघीय आयोजना कार्यान्वयन इकाई, बाँके | बर्दिया, बाँके, |
| 12 | कर्णाली प्रदेश- संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत | सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, रुकुम पश्चिम, जुम्ला, कालिकोट, मुगु, हुम्ला र डोल्पा |
| 13 | सुदुर पश्चिम- संघीय आयोजना कार्यान्वयन इकाई, कैलाली | कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, अछाम, बाजुरा, बैतडी, दार्चुला, बझाङ्ग |

# विभाग र अन्तर्गत आयोजनाहरु/कार्यालयको आयोजना प्रमख तथा सि.डि.ई.हरुको सम्पर्क नम्बर

| सि.नं. | पद | नाम थर | महाशाखा /शाखा /कार्यालय | कार्यालयको फोन नं. | मोबाइल | कार्यालयको इमेल ठेगाना | व्यक्तिगत इमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | का.मु. आयोजना प्रमुख | श्री रविन्द्र बोहरा | संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ०१-४३६६२५२ | ९८४१३९७३३१ | | rabindra_bohara@hotmail.com |
| २ | सि.डि.ई | श्री अमर बहादुर थापा | संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | | ९८४१२४१२९१ | | |
| ३ | सि.डि.ई | श्री प्रकाश अर्याल | संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | | ९८५७६३७१२० | | pa_aryal@yahoo.com |
| ४ | सि.डि.ई | | संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | | | | |
| ५ | सि.डि.ई (आयोजना प्रमुख) | श्री विदुर खड्का | सघन शहरी तथा भवन निर्माण आयोजना, झापा | ०२७-५२००२८ | ९८५१२४२०२६ | dudbcilam@gmail.com | bskhadka@hotmail.com |
| ६ | सि.डि.ई (आयोजना प्रमुख) | श्री काशी प्रसाद गुप्ता | संघीय आयोजना कार्यान्वयन इकाई, मोरङ्ग | ०२१-५२४५०२ | ९८४१२४७९८२ | dudbcmorang@gmail.com | |
| ७ | सि.डि.ई (आयोजना प्रमुख) | श्री रमेश थिङ्ग | सघन शहरी तथा भवन निर्माण आयोजना, सप्तरी | ०३१-५२००८४ | ९८५२८२२६६६ | dudbcsaptari@yahoo.com | rameshthng@yahoo.com |
| ८ | सि.डि.ई (आयोजना प्रमुख) | श्री प्रदिप कुमार सिंह | संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा | ०४१-५२००१३ | ९८४२०७५७०३ | DUDBCDhanushaNepal@gmail.com | |
| ९ | सि.डि.ई (आयोजना प्रमुख) | श्री श्याम किशोर सिंह | सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा | ०५१-५२२२१५ | ९८५११३५३९८ | dudbcparsa@gmail.com | |
| १० | सि.डि.ई (आयोजना प्रमुख) | श्री कुमार प्रसाद घिमिरे | सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन | ०५६-५२०१४९ | ९८५११२५०६५ | pudbcchitwan@gmail.com | kpg66@hotmail.com |
| ११ | सि.डि.ई (आयोजना प्रमुख) | श्री नारायण प्रसाद भण्डारी | संघीय आयोजना कार्यान्वयन इकाई, कास्की | ०६१-४६५०७० | ९८४१२९५२५३ | dudbckaski@gmail.com | npbhandari@gmail.com |
| १२ | सि.डि.ई (आयोजना प्रमुख) | श्री राजेन्द्र प्रसाद पाण्डे | संघीय आयोजना कार्यान्वयन इकाई, रुपन्देही | ०७१-५२१२०२ | ९८५११३३१०१ | fpiu.rupandehi@gmail.com, dudbcrupandehi@gmail.com | |
| १३ | सि.डि.ई (आयोजना प्रमुख) | श्री परिक्षित परिक कडरिया | सघन शहरी तथा भवन निर्माण आयोजना, दाङ्ग | ०८२-५६००२७ | ९८४१८०२०४५ | dudbcdang@gmail.com | |
| १४ | सि.डि.ई (आयोजना प्रमुख) | श्री सुनिल कुमार ठाकुर | संघीय आयोजना कार्यान्वयन इकाई, बाँके | ०८१-५२०२६४ | ९८५८०२०२६४ | dudbcnepalgunj@gmail.com | |
| १५ | सि.डि.ई (आयोजना प्रमुख) | श्री जगदिश लामिछाने | संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत | ०८३-५२०२६८ | ९८५११३३६११ | dudbcsurkhet@gmail.com | lamichhanej@gmail.com |
| १६ | सि.डि.ई (आयोजना प्रमुख) | श्री सुरेश कुमार वाग्ले | संघीय आयोजना कार्यान्वयन इकाई, कैलाली | ०९१-५२११५७ | ९८५८४२३३३८, | dudbckailali@yahoo.com | skwagle.74@gmail.com |

## आयोजनाहरु

१. मझौला शहरहरुको एकीकृत शहरी वातावरणीय सुधार आयोजना
२. एकीकृत शहरी विकास आयोजना
३. क्षेत्रीय सहरी विकास कार्यक्रम
४. नयाँ शहर आयोजना
५. शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम
६. शहरी पूर्वाधार लगानी आयोजना
७. नेपाल भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना

# आ.व. २०७५/७६ को पुष महिनासम्मको खर्चको विवरण

| क.सं. | ब.उ.शि.नं. | कार्यक्रम वा आयोजनाको नाम | बजेट | | | खर्च | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | खर्च प्रतिशत | भौतिक प्रतिशत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| १ | ३४७०१९ | शहरी विकास तथा भवन निर्माण बिभाग | ९१८००.०० | | ९१,८०० | ४२४२५.०० | | ४२,४२५ | ४६.२१% | |
| २ | ३४७०२१ | विशेष भवन निर्माण तथा सम्भार डिभिजन | १२७४००.०० | ४४३७२५.०० | ५७१,१२५ | ४८०००.०० | ३११६५.०० | ७९,१६५ | १३.८६% | ५०% |
| ३ | ३४७१८० | आवास व्यवस्था कार्यक्रम | १२५००००.०० | १००००.०० | १,२६०,००० | | ३९७३.०० | ३,९७३ | ०.३२% | १५% |
| ४ | ३४७१८२ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ५००.०० | ६३४००.०० | ६३,९०० | | ८०५.०० | ८०५ | १.२६% | २०% |
| ५ | ३४७१८६ | सघन शहरी विकास कार्यक्रम | ६०६००.०० | १०९१०१००.०० | १०,९७०,७०० | ११९९६.०० | २६२३१९५.०० | २,६३५,१९१ | २४.०२% | ५५% |
| ६ | ३४७१८७ | मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना | ९५६५००.०० | १८७०००.०० | १,१४३,५०० | ५४६१५२.०० | ३९२५.०० | ५५०,०७७ | ४८.१०% | ७०% |
| ७ | ३४७१९० | भवन निर्माण संहिता,सरकारी भवन निर्माण | ४७४००.०० | २०९०३००.०० | २,१३७,७०० | ८६२९.०० | ४४९००७.०० | ४५७,६३६ | २१.४१% | ३५% |
| ८ | ३४७१९७ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | २००.०० | १९८००.०० | २०,००० | | ९६.०० | ९६ | ०.४८% | १०% |
| ९ | ३४७३०९ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ३२००.०० | ३४६००.०० | ३७,८०० | ७५७.०० | २१४३.०० | २,९०० | ७.६७% | ३५% |
| १० | ३४७३१६ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | १२०००.०० | १८००००.०० | १९२,००० | २०५८.०० | ३८६५.०० | ५,९२३ | ३.०८% | २५% |
| ११ | ३४७३२० | एकीकृत शहरी विकास आयोजना | ८६७४००.०० | १०९००.०० | ८७८,३०० | ४९०२८९.०० | ५५४२.०० | ४९५,८३१ | ५६.४५% | ६५% |
| १२ | ३४७३५८ | नयाँ सहर आयोजना | २१८००.०० | ९९०००.०० | १२०,८०० | ७३५३.०० | ८४८९.०० | १५,८४२ | १३.११% | ४८% |
| १३ | ३४७३६१ | क्षेत्रिय सहरी विकास कार्यक्रम | ४१०७११६.०० | ५३२०००.०० | ४,६३९,११६ | १९३३२४०.०० | ८९६९.०० | १,९४२,२०९ | ४१.८७% | ६५% |
| १४ | ३४७३६२ | संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ४५०००.०० | ५०००.०० | ५०,००० | ३४९३२.०० | १७६६.०० | ३६,६९८ | ७३.४०% | ७४% |
| १५ | ३४७३६३ | सहरी पूर्वाधार लगानी आयोजना | २७३००.०० | ११४४००.०० | १४१,७०० | ४८६.०० | १५८९१.०० | १६,३७७ | ११.५६% | ३०% |
| | | **जम्मा** | **७६१८२१६** | **१४७००२२५** | **२२३१८४४१** | **३१२६३१७** | **३१५८८३१** | **६२८५१४८** | **२८%** | **४३%** |

## निर्णय उपर उजुरी सुन्ने अधिकारी

महानिर्देशक श्री मणी राम गेलाल

## सूचना अधिकारी र प्रमुखको नाम र पद

**चन्द्र शेखर महतो**
शाखा प्रमुख
योजना शाखा
सिनियर डिभिजनल इन्जिनियर

## नोटिस बोर्ड सेवा सञ्चालन

-९७७-०१-४२६२४३९ नम्बरमा फोन गरी विभागबाट भइरहेका काम कारवाहीको सूचना प्राप्त गर्न सकिने छ।

## शहरी विकास तथा भवन निर्माण विभागको वेबसाइटः

अन्य सम्पूर्ण विवरण तथा सूचना यस शहरी विकास तथा भवन निर्माण विभागको तल दिइएको वेबसाइटबाट जानकारी लिन सकिने छ।

**www.dudbc.gov.np**